दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

प्रजातन्त्रका आधारभूत पक्ष
- संवैधानिक सर्वोच्चता -बहुलवादको सम्मान।
- विधिको शासन -शक्ति पृथकीकरण।
- आवधिक निर्वाचन -मौलिक हक
- मानव अधिकार -प्रेस तथा वाक स्वतन्त्रत
- सामाजिक न्याय तथा समावेशीकरण।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक ५४ | बुटवल | २०८२ फागुन ०५ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday February 17, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# सुरु भयो चुनावी रौनक, उम्मेदवारहरू घरदैलोमा



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रतिनिधिसभा सदस्य निर्वाचनको रौनक सोमबारदेखि औपचारिक रूपमा सुरु भएको छ । निर्वाचन आयोगले तोकेको आचारसंहिताअनुसार दलहरू र उम्मेदवारहरूले सोमबारदेखि नै पार्टीको झण्डा र चुनाव चिन्ह लिएर घरदैलो तथा चुनाव प्रचार-प्रसार सुरु गरेका छन् ।

मतदान हुने दिनभन्दा १५ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था छ ।

सोही व्यवस्थाअनुसार, सोमबारदेखि सुरु भएर फागुन १८ गते राति १२ बजेसम्म राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचार-प्रसार गर्न सक्ने छन् । सोमबार प्रमुख दलका शीर्ष नेताहरू आफ्नो निर्वाचन क्षेत्रमा पुगेका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले झापामा घरदैलो गरेका छन् । नेकपा संयोजक प्रचण्ड रूकुम पूर्वमा चुनावी कार्यक्रममा सहभागी भए । यस्तै रास्वपा सभापति रवि लामिछाने चितवन र वरिष्ठ नेता बालेन्द्र शाह झापामा पुगेर मतदाता भेटेका छन् । नेपाली कांग्रेसका सभापति गगन थापा आफ्नो क्षेत्रमा र उप-सभापति विश्वप्रकाश शर्मा पार्टीको कार्यक्रममा सहभागी भएका छन् । राप्रपा अध्यक्ष राजेन्द्र लिङदेन पनि झापामा आफ्नो क्षेत्रमा मतदातासमक्ष पुगे । अन्य उम्मेदवार पनि आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित भए ।

निर्वाचनको निष्ठालाई उच्च प्राथमिकतामा राखेर दल तथा उम्मेदवार एवं अन्य सरोकारवाला सबैले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचन प्रचार-प्रसार गर्न सक्ने जनाइएको छ ।

सोही व्यवस्थाभित्र रहेर राजनीतिक दलका उम्मेदवारले औपचारिक रूपमा मतदातासमक्ष मत माग्न पाउनेछन् । आयोगले आचारसंहिता कार्यान्वयन तथा अनुगमनमा विभिन्न संयन्त्र परिचालन गरिरहेको छ ।

राजनीतिक दल तथा उम्मेदवारहरूलाई आचारसंहिता उल्लङ्घन भएकोबारे पत्र काटेर स्पष्टीकरण सोध्ने, कानुनी कारबाहीका लागि अघि सर्नुपर्ने अवस्था नआओस् भन्ने स्पष्ट पारेको छ ।

आचारसंहिता राजनीतिक दल एवं सरोकारवाला पक्षहरूसँग व्यापक विचार-विमर्श गरेर तर्जुमा गरिएको आयोगले स्मरण गराएको छ । आचारसंहिताको पूर्ण परिपालना गर्छौं भनेर सबै राजनीतिक दलहरूले प्रतिबद्धता जनाएका छन् ।

आचारसंहिता उल्लङ्घनका घटनामा आयोगले शून्य सहनशीलता नीति अवलम्बन गरेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए ।

उल्लंघनकर्तालाई आयोगले स्पष्टीकरण सोध्ने र उल्लंघनको प्रमाण तथा अवस्था हेरेर सचेत, दण्डजरिवाना तथा उम्मेदवारी खारेजीसम्म हुने कानुनी व्यवस्था छ ।

यसैगरी, दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै 'अनलाइन' सञ्चारमाध्यममा पनि विज्ञापनबाट प्रचारप्रसार गर्न सक्नेछन् ।

निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत् निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ ।

निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारविरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवं सङ्गठित रूपमा निहित राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिन नपाइने आयोगले उल्लेख गरेको छ ।

## निर्वाचन आचारसंहिता उल्लंघनमा कारबाही गर्न निर्देशन

बुटवल । निर्वाचन आयोगले 'सेतोपाटी अनलाइन'लाई कारबाही गर्नको लागि प्रेस काउन्सिललाई पत्राचार गरेको छ ।

निर्वाचन आचारसंहिताविपरीत गएर समाचार प्रकाश गरेको भन्दै आयोगले कारबाहीको लागि पत्राचार गरेको हो ।

'सेतोपाटी'ले प्रकाशन गरेको चितवन-३ मा 'सोविता गौतमले जित्नेछिन्, निर्वाचन : रेणु दाहाल दोस्रो' र 'भोट रास्वपालाई दिने हो, तर निकुञ्ज छेउका बस्तीबारे बालेनको तर्क गलत छ' शीर्षकको समाचारप्रति आयोगले आपत्ति जनाएको छ ।

आयोगले गरेको पत्राचारमा भनिएको छ-'अनलाइनबाट गरिएको कार्य निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (त) मा रहेको उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मत परिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने र ऐ, आचारसंहिताको दफा २५ को उपदफा (१) को खण्ड (ख) मा रहेको कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्थाको प्रतिकूल रहेको देखिँदा सीउपर आवश्यक कारबाही हुन निर्णयअनुसार अनुरोध छ ।'

## राम्रो कामको मजाक उडाइयो : ओली

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एक कार्यकाल पूरा गर्न चार पल्ट प्रधानमन्त्री हुनुपर्ने अवस्था रहेको बताएका छन् । झापा-५ मा चुनावी घरदैलोको क्रममा सोमबार ओलीले यस्तो बताएका हुन् । झापा-५ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार समेत रहेका ओलीले चार पल्ट प्रधानमन्त्री हुँदा एक कार्यकाल पूरा भएको स्मरण गरे ।

उनले भने-'ठ्याक्कै उभिएर विकास हुँदैन । पहिला भएको ठाउँभन्दा अलिकति अगाडि पाइला सार्नु पर्छ, अनि मात्रै यात्रा हुन्छ । यात्रा हुनलाई पाइला अगाडि सार्नु पर्छ । अगाडि पाइला सार्दा नयाँ ठाउँमा टेक्नुपर्छ । त्यो सबैले बुझ्दैन ।'

उनले अगाडि भने-'मैले रेल फेरि सुरु किन गरे नेपालमा ? किन पानी जहाजको बाटोबाट समुद्रमा पुग्ने भनें मैले । त्यसका निम्ति काम हुँदै थियो । तर त्यो मैले सुरु गर्छु, फेरि सरकार भत्काउँछ । फेरि सुरु गर्छु फेरि भत्काउँछ । यहाँहरूलाई थाहै छ । एक कार्यकाल पूरा गर्न चार पल्ट प्रधानमन्त्री हुनुपर्‍यो । चार पल्ट प्रधानमन्त्री हुँदा एक कार्यकाल पूरा भयो ।

राम्रो काम गर्न खोज्दा पनि त्यसो हुन नदिएको उनको आशय थियो । 'देशभक्तिको काम गर्नै नहुने ।

» *बाँकी ३ पेजमा*

## रूपन्देही ३ मा जसपा उम्मेवार नै एमालेमा



बुटवल । रूपन्देही ३ मा जनता समाजवादी पार्टी (जसपा) नेपालका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार श्रीनिवास यादव नेकपा एमाले प्रवेश गरेका छन् ।

उनले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टीको साधारण सदस्यसहित सम्पूर्ण जिम्मेवारी परित्याग गर्दै नेकपा (एमाले) मा समाहित भएको घोषणा गरेका हुन् ।

प्रचलित कानुनअनुसार उम्मेदवारी दर्ता गरी मतदाताको घरदैलोमा पुगेको उल्लेख गर्दै वर्तमान विषम राष्ट्रिय परिस्थितिमा मुलुकको राजनीतिक स्थायित्व र निकासका लागि एमाले नै प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित हुने विश्वाससहित एमालेलाई रोजेको विज्ञप्तिमा उल्लेख गरेका छन् ।

» *बाँकी ३ पेजमा*

## प्रधानमन्त्री र मुख्यमन्त्री दुई पटकभन्दा बढी हुन पाइन्न : विश्वप्रकाश

बुटवल । नेपाली कांग्रेसका उप-सभापति विश्वप्रकाश शर्माले बदलिएको कांग्रेसले अब देशको आसन, भाषण र शासनमा सुधार गर्ने बताएका छन् । सोमबार लम्जुङमा आयोजित खुला सभालाई सम्बोधन गर्दै उप-सभापति शर्माले कुनै पनि व्यक्ति सत्तामा निरन्तर आसन जमाउने परम्परा भत्काउने बताए ।

उप-सभापति शर्माले अब उप्रान्त कोही पनि प्रधानमन्त्री र मुख्यमन्त्री दुई पटकभन्दा बढी रहन नपाउने उनको भनाइ छ ।

चुनावी मैदानमा गाली होइन प्रेम सम्प्रेषण गर्नुपर्ने भन्दै उप-सभापति शर्माले स्वस्थ आलोचना स्वभाविक हुने, तर अरूलाई गाली गरेर राजनीतिलाई स्वस्थ बनाउन नसकिने बताए ।

चुनाव जित्ने नाममा जे पनि आश्वासन दिएर, समाजमा भोलि निराशा जगाउने कार्य भाषण र घोषणापत्रहरूमार्फत् नगर्न उनको आग्रह छ ।

उनले भने-'देशको शासनमा जे-जस्तो सुधार गर्न जरूरी छ, त्यसको केस्राकेस्रा केलाएका छौं, हामीले । जेनजी विद्रोहको भावना बमोजिमको त्यो सुधार, परिमार्जन र समग्रमा परिवर्तनलाई हामी सम्भव बनाउने छौं । देश जान्दछ कांग्रेस बदलिएको छ र यो पनि देश जान्दछ । जो बदलिन सक्छ उसैले बदल्न सक्छ ।'

## देश रहने कि नरहने अवस्था छ : लिङदेन

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष तथा झापा क्षेत्र नम्बर ३ का उम्मेदवार राजेन्द्र लिङ्देनले आफ्नो चुनावी अभियान सुरु गरेका छन् ।

उनले चुनावी अभियान सुरु गर्दै देश रहने कि नरहने अवस्था रहेकाले देश जोगाउन सबैले आफूलाई मत हाल्न आग्रह गरे । उनले बाटो बन्यो या बनेन ? पुल बन्यो या बनेन भन्ने प्रश्नभन्दा पनि देश रहन्छ कि रहँदैन भन्ने अवस्थामा पुगेको बताए ।

निर्वाचन कार्यक्रमको सुरुवात गर्दै लिङ्देनले भने-'बाटो बन्यो कि भन्ने कुरा ठुलो कुरा होइन । आज देश रहन्छ कि रहँदैन भन्ने अवस्थामा पुगेको छ । यस्तो बेला राष्ट्रिय प्रजातन्त्र पार्टी देशभक्तिको पक्षमा उभिएको छ । यसको नेतृत्व तपाईंको आँगनको छोराले गरेको छ ।'

उनले विकास भयो कि भएन भन्ने कुराको गुनासो गरिँदा ८ वर्षको बिचमा के-के भयो त्यसको साक्षी क्षेत्रवासी भएको बताए । उनले देश बचाउनका लागि आफूलाई मतदाता गर्न आग्रह गरे । उनले भने-'देश रह्यो भने बाँकी विकास र समस्याको समाधान गरौंला देश बचाउनका लागि राप्रपाको मात्रै होइन् मलाई काँग्रेस, एमाले, माओवादी सबैको भोट चल्छ ।'

उनले झापा ३ मा आफू बुबाका औंला समाउँदै आएको बताए ।

» *बाँकी ३ पेजमा*

## लुम्बिनी विकास कोषको योजना प्रमुख पद विवादित




बुटवल । लुम्बिनी विकास कोषमा मन्त्रीस्तरीय निर्णयबाट सिर्जना गरिएको सचिवस्तरको योजना प्रमुख पद विवादमा तानिएको छ ।

तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री भीम आचार्यले मन्त्रिपरिषद्को स्वीकृति नलिई लुम्बिनी विकास कोषमा सचिव सरहको योजना प्रमुखको पद खडा गरी नियुक्ति गरेको तथ्य सार्वजनिक भएको हो ।

मन्त्रालयका आन्तरिक कागजात,कोषको प्रशासनिक अभिलेख र मन्त्रालय स्रोतसँगको प्राप्त कागजातको आधारमा यो प्रक्रिया सामान्य प्रशासनिक अभ्यास नभई गैरकानुनी रूपमा योजना प्रमुख पद सिर्जना गरिएको देखिन्छ ।

लुम्बिनी विकास कोषका पदाधिकारी नियमावली २०५८, लाई संशोधन गरी परिच्छेद ६ थप गरी योजना प्रमुख व्यवस्था गरिएको थियो । संशोधन गरिएको पदाधिकारी नियमावलीमा परिच्छेद ६ कायम नै रहेको अवस्था थप गरी पुनः परिच्छेद ६ नै सिर्जना गरेर गैरकानुनी रूपमा योजना प्रमुखको व्यवस्था गरिएको खुलेपछि यसको विरोध सुरु भएको छ ।

प्रशासनिक नियमअनुसार सचिवस्तरको पद सिर्जना, दरबन्दी स्वीकृति तथा सेवा-शर्त निर्धारण मन्त्रिपरिषद्को निर्णयबाट मात्र गर्न सकिने व्यवस्था रहेको छ । कानुनविद्हरूका अनुसार यस प्रकरणमा मन्त्रीस्तरीय निर्णयकै आधारमा विनियमावलीको परिच्छेद ६ लाई दोहोरो बनाइ योजना प्रमुख पदको व्यवस्था गरिएको तथ्य संशोधन गरिएको पदाधिकारी विनियमावलीबाट प्रष्ट हुन्छ । विनियमावली संशोधन गरेपछि पहिलोपटक कोषका इञ्जिनियर सरोज भट्टराईलाई योजना प्रमुख बानाइएको थियो ।

यस विषयमा वर्तमान मुख्य सचिव सुमनराज अर्यालले आफूलाई यसबारे केही जानकारी नभएको बताए । 'ऐन र विनियमावली अध्ययन गरेपछि मात्रै के रहेछ भन्न सकिन्छ ।'-अर्यालले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले विनियमावली संशोधन र पद सिर्जनाको प्रक्रिया त्रुटिपूर्ण भएको स्वीकार गरे ।

» *बाँकी ३ पेजमा*



दैनिक लुम्बिनी

# सम्पादकीय

## आचारसंहिता पालनामा गम्भीर बनौं

आसन्न निर्वाचनका प्रतिस्पर्धी उम्मेदवारबिच तुलना गरेर केही सञ्चारमाध्यमले फलानो उम्मेदवारको जित सुनिश्चित, फलानोले हार्दै भनेर समाचारहरु प्रकाशित गर्न थालेपछि यसबारे गम्भीर प्रश्न उब्जिएको छ । यस्तो कार्य निर्वाचन आयोगको आचारसंहिताको सरासर उल्लंघन हो । आइतबार मात्रै चितवन-३ मा 'सोविता गौतमले जित्नेछिन् निर्वाचन, रेनु दाहाल दोस्रो' भन्दै सेतोपार्टीले चुनाव विश्लेषण-१ श्रृंखलाका नाममा समाचार प्रकाशन गरेपछि यसबारे दलहरु, नागरिक समाज, बुद्धिजीवि र सचेत मतदाताले समेत गम्भीर चासो राखेका छन् । अधिकांशले यस्तो समाचार आचारसंहिताको गम्भीर उल्लंघन मात्र नभई कसलाई मत हाल्ने भन्ने निर्णय गरिनसकेका मतदातालाई प्रभावित गर्ने उद्देश्यले समाचार प्रकाशित गरेको आशंका समेत गरेका छन् ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (त) अनुसार उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न पाइदैन । यही कारण आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै निर्वाचन आयोगले आवश्यक कारबाही गर्न प्रेस काउन्सिललाई सोमबार पत्राचार गरेको छ ।

चितवन क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्य पदका लागि नेकपाबाट उम्मेदवार रेनु दाहालले मतदातालाई प्रभावित पार्ने उद्देश्यले मत सर्वेक्षणको नाममा निर्वाचन आचारसंहिताविपरीत सामग्री प्रकाशित तथा प्रसारित गरिएकोप्रति गम्भीर आपत्ति जनाएकी छन् । चितवन-३ को सेतोपाटी ओपिनियन पोल गम्भीर षड्यन्त्रमूलक र योजनाबद्ध रहेको उनको मात्र नभई अन्य दलहरुको पनि धारणा रहेको छ । मतदान गर्न दुई हप्ता बढी समय हुँदा कहाँ कसले जित्छ र कसले हार्छ भन्ने कुरा पहिले नै निश्चित गर्न सकिंदैन ।

चुनावी विज्ञानको विश्वव्यापी मान्यताअनुसार निर्वाचनभन्दा १५ दिन अगाडिसम्म न्यूनतम ४० प्रतिशत मतदाता अनिर्णित हुन्छन् । यद्यपी कतिपय अवस्थामा स्वतन्त्र अनुसन्धानकर्ताको रोहवरमा वैज्ञानिक विधिबाट सर्वेक्षण गरी नतिजा सार्वजनिक गर्न सकिन्छ । तर सेतोपाटीमा ५० प्रतिशत अनिर्णित मतदातालाई प्रभाव पार्न ९ सय जनामा मत सर्वेक्षण गरिएको भन्दै नियोजित समाचार सार्वजनिक गरिएको आशंका सम्बन्धित पक्षले गरेका छन् । यो विषयले समग्र सञ्चारमाध्यममाथिको विश्वसनियतामा प्रश्न उठ्न सक्छ ।

सञ्चारकर्मीलाई सुनेका सबै कुरा लेख्ने छुट हुँदैन । वास्तवमा चुनावको सन्निकट किटानीका साथ फेक तथ्यांक प्रयोग गरेर फलानोले निश्चित जित्छ भन्नु अपराध हो । यस्तो काम एउटा मिडिया र मिडियाकर्मीले गर्न सक्दैन, गर्नुहुँदैन । कुनै मिडियाले 'यसले जित्छ' भनेर लेख्नु गलत हो, अर्कोले हार्छ भनेर लेख्नु पनि गलत हो ।

लोकतान्त्रिक मूल्य र मर्यादाको सम्मान गर्दै निष्पक्ष र स्वच्छ निर्वाचन सुनिश्चित गर्न सबैको साथ र सहयोग जरुरी हुन्छ । लोकतन्त्रको सबैभन्दा बलियो आधार नागरिकको मत हो । नागरिकले आफैँ विवेक प्रयोग गरेर मत हाल्न सक्छन् । तसर्थ मतदाताको मतलाई प्रभावित पार्ने गरी आचारसंहिता उल्लंघन गरेर समाचार प्रकाशन प्रशारण गर्न रोक्नुपर्छ । यस्तो प्रवृत्तिले लोकतन्त्रलाई कमजोर बनाउँछ र अयोग्य, अवसरवादी तथा भिजनविहीन नेतृत्वलाई सत्तामा पुग्ने बाटो खोलिदिन्छ । जतिसुकै चुनौती आए पनि पत्रकारिता र पत्रकार हल्लाको पछि नलागि सन्तुलित, जिम्मेवार र जवाफदेही पत्रकारितामा अडिग रहनुपर्छ ।

# औचित्यहीन घोषणापत्र र अर्थहीन चुनाव



एच.के. श्रेष्ठ

उता बाह्य रूपमा नेता कार्यकर्तालाई चुनाव लागे पनि सर्वसाधारणलाई त्यति चासो र उत्साह भेटिंदैन । उत्साह नजाग्नु राजनीतिप्रति वितृष्णा पैदा गराइनुले नै हो । मुलुक बर्बाद नगर्ने हो भने राजनीतिक दलहरू पूर्व भरिएका सबै कुविचार खाली गरी नयाँ विचार भरेर जनता जगाउने व्यवहार परिवर्तन गर्नुपर्दछ । बहिस्कारवादी दललाई पनि सम्मानपूर्वक सबै दल मिलेर अस्तित्व कायम गरी कुनै उपायबाट सामेल गर्नुपर्छ । तर चुनाव पछिको परिणम झन भयाबह हुने निश्चित छ ।

यो आउँदै गरेको प्रतिनिधिसभा चुनावको लागि दल तथा उम्मेदवारको घोषणापत्र ढिलो भयो । घोषणापत्र आएन आएन भन्ने हल्ला चल्यो । तर दलहरूको चुनावी घोषणापत्र आउनु र नआउनुमा कुनै भिन्नता छैन । यो सबैलाइ थाहा भएकै हो । ती सबै दलहरूका (अ)घोषणापत्रमा तात्विक पृथकता केहि हुँदैन र छैन । यी सबैको साझा घोषणा हो । यस मानेमाकि हुन्न, सक्दिन, भ्याउँदिन र गर्दिन भन्ने बाँकी केही हुँदैन, छैन । त्यो सबै दलको थेगो हो । घगर्न कम्पिटिसन गर्छौं । जसरी हुन्छ बेरोजगार निर्वाचन घोषणापत्रमा सबै जाति जनजातिको उत्थान र मुक्ति हुन्छ । किसान, मजुदुर, व्यापारी, कर्मचारी आदि सबैले हर प्रकारको सुविधा पाउँछन् । रोजगारी दिन्छन् । शिक्षा, स्वाास्थ्य निःशुल्क हुन्छ । बाटो, रोड, फास्ट ट्र्याक, बन्छ । रेल र पानी जहाज चल्छ । दुनियाभरको परियोजना तयार हुन्छ । नदि नै नभएको ठाउँमा पनि पुल बन्छ । राष्ट्रिय-अन्तर्राष्ट्रिय एयरपोर्टहरू निर्माण हुन्छन् । विकास हुन देशको कुनै भुगोल बाँकी रहँदैन । प्रति व्यक्ति आए ह्वात्तै बढ्छ । विकास र समृद्धि उचाइमा पुग्छ । देश सिंगापुर बन्छ । हाम्रो मुलुक युरोपीयन, जापान र अस्ट्रेलीयन माप दण्डमा पुग्छ । सबै दलको कुरा यही नै हो । घोषणा यही नै हो । सबैको यस्तै फेक घोषणापत्र हो । घोषणापत्रत गहन वैचारिकी, बौद्धिकी र सर्वपक्षीय चिन्तन र विश्लेषणात्मक हुनु पर्छ । तर भीड रमाउने र सतही भैम पार्ने खालको हुन्छ ।

प्रायः निर्वाचनहरूको दल तथा उम्मेदवार छनौटको कडी घोषणापत्र नै हो । यस मानेमा त्यो हो कि घोषणापत्र राजनीतिमा सिद्धान्त तथा विचारको प्रतिबद्धता पत्र हो । चुनाव घोषणापत्र एक ढंगले राजनीतिक दलीय अनुशासन, नैतिक बन्धन र जिम्मेदारीको मास्टर योजना हो । दलीय विचारको 'कसम' हो । यो जनताकै अधिकारको लिखित प्रतिबद्धता हो । वर्षौंसम्मको जन मार्ग हो । कार्लमार्क्सले लेखेको कम्युनिष्ट घोषणापत्रले विश्वभरका कम्युनिष्टहरूमा प्रतिबद्धता खडा गर्‍यो र सधैँभरि यसको मूल्य मान्यता रहेको छ । कतिपय विकसित मुलुकहरूमा निर्वाचन प्रसारप्रचारको आधारभूत काम नै घोषणापत्रले गर्दछ । सबै कार्ययोजना घोषणापत्रले निर्धारण गर्ने र त्यो व्यवहारमा लागु हुने गर्दछ । त्यो दलीय सिद्धान्तको कसिको रूपमा प्रयोग हुन्छ । मतदाताहरू त्यही घोषणापत्रलाई आफ्नो अनुकुलता अनुसार अध्यायन गर्छन् । त्यही घोषणापत्रको विश्लेषण गर्छन् र इच्छित उम्मेदवारलाई भोट दिन्छन् । राजनीति दलहरू पनि प्रचारप्रसारमा आफू भिड्नुभन्दा घोषणा पत्रकै प्रयोग गर्छन् त्यो नै चुनाव प्रचारप्रसारको लागि काफी हुन्छ ।

दुर्भाग्यवश, हाम्रो मुलुकमा त्यस्तो हुँदैन । घोषणापत्र त सबैले तयार पार्छन्, तर त्यो व्यवहारमा पटक्कै लागु हुँदैन । बरू जनताको आँखाकानी छल्ने र झुटको खेती स्वरूप घोषणापत्र तयार गर्ने गरिन्छ । घोषणापत्र र व्यवहारको वीच दुरी कहिल्यै भेट नहुने गरी लम्बिएको हुन्छ । यसर्थ राजनीतिक दलहरूको घोषणापत्रको कुनै मूल्य मान्यता र तौल छैन । यहि विश्वास गुमेको हुँदा ती घोषणापत्रहरूले विकसित मुलुकहरूमा जस्तो चुनाव प्रचारको आधार र साधनको रूपमा मान्यता पाउन सक्दैन । जसले गर्दा दलहरू अनेक तिक्डम र तामझामका साथ चुनाव प्रचारमा लागेका हुन्छन् । सधैँ घोषणापत्रअनुसारको काम निर्वाचनपछि केही पनि नहुने बानी पारिएको नेपाली जनतालाई अब त घोषणा पत्रहरू एउटा फटाहा ढटुवा केटाको कथा (सधैँ गाउँलेलाई त्यत्तिकै बाघ आयो बाघ आयो भनेर ढाँट्ने, तर गाउँले जति पटक जम्मा भए पनि बाघ नभेट्ने । एकदिन भने साँच्चैको बाघले त्यो फटाहा केटोलाई आक्रमण गर्दा गाउँलेले नपत्याएर कोही पनि बचाउन नगएको) जस्तो भइसक्यो । यो संविधानसभाको निर्वाचन यस्तो अचम्म भयो कि प्रायः मतदाता कसैले पनि कुनै दलहरूको घोषणा पत्रलाई मतलब नै राखेको देखिएन । "कौन पुछे दलीय घोषणापत्र" भने जस्तो गराए । ती घोषणापत्र लाखौंको खर्चमा निकालिएको भएता पनि खोसेल्टा र चनाचट्पट पेपर बराबर भए । हुन पनि हो केही समयपछि चनाचट्पट प्याक गर्ने उपलब्धिभन्दा केहि हुँदैन ।

जन विश्वास गुमाइसकेको घोषणापत्रमा जिज्ञाषा नहुनुमा जनतालाई थाहा छ पार्टीहरूले नराख्ने कुरा केही बाँकी हुँदैन । सुनको महल बनाइदिनेदेखि खोला नै नभएको ठाउँमा पुल बनाई दिनेसम्म जे पनि सुन्दर सपना बुनिदिएका हुन्छन् । त्यसर्थ कुनै दलको घोषणापत्र नहेरे पनि त्यसै थाहा छ यस्तो छ भनेर । जनता तथा मतदातालाई त्यो पनि थाहा छ कि कार्यान्वयन नहुने घोषणापत्र सबैको राम्रैराम्रा कुराले भरि भराउ हुन्छ । घोषणापत्र भित्र दाखिल गर्ने कुरामा कसले कति राम्रो र आकर्षण राख्न सक्ने पक्षमा दलबिच कडा प्रतिस्पर्धा चलेको अनुभव गर्न सकिन्छ । तर यस्तो प्रतिस्पर्धा कार्यान्वयनमा हुँदैन, बरू कतिसम्म कार्यान्वयन नगर्नेमा प्रतिस्पर्धा चल्छ । कुनैकुनै दलको प्रतिबद्धता पत्रमा त विदेशी शक्तिदाताहरूलाई रिझाउने होड चलेको भेटिन्छ । जो अप्रत्यक्ष रूपमा व्यक्त छ ।

फागुन २१ गते तोकिएको प्रतिनिधिसभा निर्वाचन चुनावी गतिविधि र बहिस्कार गतिविधि समानान्तर ढंगले अगाडि बढिरहेको छ । देशैभरि यो अवस्था देखिन्छ । निर्वाचनमुखी राजनीतिक दलहरू जीवन मरणको सवाल चुनावलाई ठानिरहेको पाउँछौं भने नेकपालगायतको बहिस्कार पक्ष ६ दल र राजावादी बहिस्कार सफल पार्न उही रूपमा लागिरहेका छन् । दल, दलका कार्यकर्ताबिच भिडन्त हुने, हानाहान, ठोकाठोक र मारपिट समेत हुने गरेका घट्नाहरू थुप्रै छन् ।

राजनीतिक दलको विगतका गैर जिम्मेवार क्रियाकलापले चुनावी मान्यतालाई काटिसकेको कुरा सबैमा बिद्धितै भइरहँदा पुनः हुनगइरहेको निर्वाचन लक्षित क्रियाकलापको पारा र चालामाला देख्दा यो जनउत्सव होइन कुनै दलीय महोत्सव मात्र हुनेछ फेरि पनि भन्ने कुराकै पुष्टि हुन्छ । यो संसदीय चुनावमा कुनै दलको आफ्नै नेतृत्वमा सरकार बनाएर राज्यमा हालिमुहाली गर्ने हो भैं दलहरूका चुनावी पारा देखिन्छ । संसदीय निर्वाचनको बैगुन नै बैगुन छ । ।

आचारसंहिताको उल्लंघनको प्रायः सबै दलमा होडबाजी चल्दै पराकाष्ठामा पुगेको छ । आचारसंहिताको उल्लंघन नै भोलिको सरकार वा राज्य सञ्चालक पक्षका भ्रष्टाचारको अग्रिम पेश्की मान्न सकिन्छ । नत्र भने आचारसंहिता त्यो ढंगले उल्लंघन गर्न पर्ने जरूरी के छ ? त्यही रूपमको निरन्तरता स्वरूप प्रचारप्रसारमा नाटकीय शैली अपनाइएको छ । बालकदेखि बुढा हुँदै निर्दोष सर्वसाधारण जनतालाई विभिन्न तरिकाले प्रचारको क्रममा शोषण गरिएको छ । जो इमान्दार छैनन्, उसले यस्तो माध्यम अपनाउँछ, भन्ने पुष्टि आ-आफैँले गरेका छन् । जसरी पनि चुनाउ जित्ने हेतु र तौरतरीका अपनाइनुले स्वंयम् प्रष्ट पार्दछ कि भोलिको राजनीतिक परिदृष्य कहालिलाग्दो हुँदैछ ।

अब त झन् नेकपा ६ दललगायतका शक्तिलाई सहमत नगराई उनीहरूको विरोध माथि जबरजस्ती राज्य सुरक्षाशक्ति प्रयोग गरी गराइने चुनाउको नतिजाले जनताको सुशासन ल्याउला त भन्ने प्रश्न संगठित असंगठित रूपमा व्यापक छ । त्यसो हो भने मुलुक कुनै खाले राजनीतिक हस्पिटलले पनि उपचार गर्न नसक्ने गरी दुर्घटना ग्रस्त हुँदैछ । हामीले त्यसो नहोस् भन्ने चाहँदा चाहँदै पनि उनै राजनीतिक दलहरूका भनाइले त्यसो हुँदैछ भन्ने चित्रण गर्दछ । प्रायः पूर्व आकारको आधारमा ठूला भन्ने दल एमाओवादी, काँग्रेस, एमालेलगायत नयाँ दलले भनिरहेका छन् - "आ-आफ्नो पार्टीलाई (अत्याधिक) बहुमतले नजिताए देश बन्देन । बनाउने कस्ले हो । कहिले बन्यो । यी अभिव्यक्तिहरू सबै मिडियामा आइसकेका हुन् । अब उनले भने जस्तो होला त ? उनैले घोषणा निर्लज्ज ढंगले गरिसके । हिजोका गल्तिप्रति पश्चाताप र क्षमयाचना होइन झन अनुमोदित भाषा बोल्दैछन् ।

उता बाह्य रूपमा नेता कार्यकर्तालाई चुनाव लागे पनि सर्वसाधारणलाई त्यति चासो र उत्साह भेटिंदैन । उत्साह नजाग्नु राजनीतिप्रति वितृष्णा पैदा गराइनुले नै हो । मुलुक बर्बाद नगर्ने हो भने राजनीतिक दलहरू पूर्व भरिएका सबै कुविचार खाली गरी नयाँ विचार भरेर जनता जगाउने व्यवहार परिवर्तन गर्नुपर्दछ । बहिस्कारवादी दललाई पनि सम्मानपूर्वक सबै दल मिलेर अस्तित्व कायम गरी कुनै उपायबाट सामेल गर्नुपर्छ । तर चुनावपछिको परिणम झन भयाबह हुने निश्चित छ ।

# नेप्से परिसूचक आठ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट भएको छ । नेप्से परिसूचक आठ दशमलव १६ अङ्कले घटेर दुई हजार ६६२ दशमलव ९१ को बिन्दुमा कायम भएको छ ।

३३५ कम्पनीको एक करोड ९६ लाख १६ हजार ३९५ कित्ता शेयर ८० हजार ५५९ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ९४ करोड २७ लाख ६० हजार २२० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा वित्त समूह शून्य दशमलव ५६, होटल तथा पर्यटन शून्य दशमलव ४३ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४९ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंक समूह शून्य दशमलव ०५, विकास बैंक शून्य दशमलव ४६, जलविद्युत् एक दशमलव ०२, लगानी शून्य दशमलव ६०, जीवन बिमा शून्य दशमलव ४५, लघुवित्त शून्य दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव २१, निर्जीवन बिमा शून्य दशमलव ४६, व्यापार शून्य दशमलव ६८ र अन्य समूह शून्य दशमलव ०७ प्रतिशतले घटेको छ ।

बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड र सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ३८ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै रिडी पावर कम्पनी लिमिटेडको रु ६५ करोड तीन लाख २२ हजार १६३ बराबरका रु २० लाख १४ हजार १२६ कित्ता शेयर किनबेच भएको छ ।

# जाडोमा अमला खाँदा हुन्छ यस्तो फाइदा

अमला भिटामिनका सीको सर्वोत्तम स्रोत मानिन्छ । यसमा गालिक एसिड, टान्निुक एसिड, सेलुलोज, क्याल्सियम, अल्बुमिन जस्ता रसायनिक तत्व पाइन्छ ।

यसलाई अचार तथा विभिन्न किसिमका मिठाइहरु बनाउनमा पनि प्रयोग गरिन्छ ।

जाडो मौसममा अमला सेवनका केही विशेष फाइदाहरू छन् । अमलाको सबैभन्दा ठुलो गुण भनेको यसलाई पकाएपछि पनि यसमा समावेश भिटामिन सी यथावत नै रहन्छ । अमलामा क्रोमियम बढी मात्रामा हुन्छ । आउनुहोस अमला खानुका फाइदाबारे चर्चा गरौं ।



**यस्ता छन् अमला खानुका फाइदाहरू**

- अमलाको नियमित सेवनले शरीरमा पाचन शक्ति बढाउनुका साथै स्मरण शक्ति बढाउन मद्दत गर्छ ।
- अमलाको सेवनले बुढोपन हुनबाट जोगाउनुका साथै मधुमेह तथा मुटुसम्बन्धी रोग लाग्नबाट बचाउँछ ।
- यसको सेवनले शरीरमा भएका विकार पदार्थहरू बाहिर निकाल्न मद्दत गर्छ ।
- अमलाको नियमित सेवनले शरीरमा रोग प्रतिरोधात्मक क्षमतालाई मजबुत बनाउनुका साथै रगत सफा गराउन मद्दत गर्छ ।
- यसको नियमित सेवनले कपाललाई सुन्दर बनाउन मद्दत गर्छ । अमलाको सेवनले केश झर्न कम हुन्छ, यसले केशको जरालाई बलियो प्रदान गर्छ ।
- अमलाको सेवन गर्नाले रुघाखोकी निको हुनुका साथै पिसाबसम्बन्धी समस्याबाट छुटकारा पाउन मद्दत मिल्छ ।
- मुटुलाई स्वस्थ बनाउनको लागि जाडो मौसममा दिनहुँ अमला खाने बानी बसाल्नु पर्छ । यसो गर्दा यसले मुटु मांसपेशीहरु बलियो हुन्छ, जसका कारण मुटुले शरीरमा सफा रगत सन्चार गर्न सक्छ र तपाईं स्वस्थ रहनु हुन्छ ।
- अमला डाइबिटीजको समस्या भएको व्यक्तिको लागि पनि अति लाभकारी हुन्छ ।
- वास्तवमा यो क्रोमियम इन्सुलिन बनाउने सेल्सहरुलाई एक्टिभेट गर्छ र यो हार्मोन्सको काम शरीरमा ब्लड सुगरलाई नियन्त्रण गर्छ ।
- जाडो मौसममा बिहान खानामा अमलाको अचार अथवा मुरब्बा सेवन गर्नाले तपाईं वर्षभरि नै स्वस्थ रहनु हुन्छ ।
- अमलाको जूसमा मह मिलाएर पिउनाले मोतिबिन्दुको समस्या भएकाहरुलाई फाइदा प्राप्त हुन्छ ।

# चुनाव मितव्ययी बन्दै छ : आयोग




बुटवल । का कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले पछिल्लो समय निर्वाचनलाई आयोगले मितव्ययी बनाउँदै लगेको बताएका छन् ।

निर्वाचनको आर्थिक अवस्था र महिलाको सहभागितासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उनले २०७९ सालको निर्वाचनपछि आयोगले खर्चको सीमालाई घटाउँदै लगेको बताएका हुन् ।

०६४, ०७० र०७४ भएका निर्वाचनमा देखिएको अत्यधिक खर्च र निर्वाचन सामग्रीको दुरूपयोग २०७९ सम्म आइपुग्दा केही नियन्त्रणमा आएको उनको दाबी छ ।

'२०६४, २०७० र २०७४ को निर्वाचनमा जुन निर्वाचन सामाग्रीको बेथितिसँग प्रवाह हुन्थ्यो, बेथितिसँग खर्च प्रवाह हुन्थ्यो, कम्तीमा २०७९ सालमा आएपछि केही सीमित भएको छ । र त्यसलाई आकस्मिक रूपमा आएको यो २०८२ सालको निर्वाचनमा अझै खर्चमा मितव्ययीता अपनाउँ, सीमितिकरण गरौं र यसलाई धेरै बेतिथि र वेप्रवाहसँग अगाडि नबढाउँ र सीमाभित्र राखौँ भन्ने सोंचले खर्चसीमा तोकिएको छ, त्यो सीमाभन्दा माथि गएर खर्च गरिदिनु हुन्न भन्ने आयोगको विश्वास छ ।'- उनले भने ।

उनका अनुसार आयोगले राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनमा गर्ने खर्चको सीमा वैज्ञानिक आधारमा निर्धारण गरेको छ । प्रत्येक निर्वाचन क्षेत्रको भौगोलिक अवस्था, घरदैलो कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च तथा खान-बस्नको अनुमानित व्ययको विश्लेषणका आधारमा छुट्टाछुट्टै खर्च सीमा तोकिएको जानकारी उनले गराए ।

तोकिएको सीमाभन्दा माथि गएर उम्मेदवार र राजनीतिक दलहरूले खर्च नगर्नेमा आयोग विश्वस्त रहेको उनले बताए ।

'बैंकिङ च्यानल बाहिरबाट खर्च गरिएको पैसा कर तिरेको सेतो पैसा होइन, त्यसैले कालो पैसा पनि खर्च हुने सम्भावना भएको हुनाले बैंकिङ प्रणालीमार्फत् मात्रै खर्च गर्न हामीले राजनीतिक दलका व्यक्तिहरूसँग छलफल गरेर निर्वाचन आचारसंहिता बनाएका छौँ । निवार्चण खर्च हामी विस्तारै घटाउँदै लगाएको छौं ।'- भण्डारीले भने ।

निर्वाचनलाई मर्यादित, स्वच्छ र निष्पक्ष बनाउन सबै पक्ष जिम्मेवार हुनुपर्नेमा उनले जोड दिए ।

# जानकारी गराएर मात्र चुनावी कार्यक्रम गर्न प्रशासनको अनुरोध



नवलपुर । जिल्ला प्रशासन कार्यालय नवलपुरले नवलपुर जिल्लामा चुनावी वा कुनै पनि राजनीतिक कार्यक्रम गर्दा प्रशासनलाई जानकारी गराएर मात्र गर्न अनुरोध गरेको छ ।

सोमबार जिल्ला प्रशासन कार्यालय नवलपुरले एक सूचना जारी गरी प्रशासनलाई जानकारी गराएर मात्र कार्यक्रम गर्न अपिल गरेका हो ।

सूचनामा सभा, जुलुस, कोणसभा, भेला जस्ता निर्वाचन केन्द्रित कार्यक्रम गर्दा कम्तिमा २४ घण्टा अगाडि जिल्ला प्रशासन कार्यालयलाई कार्यक्रम हुने स्थान, मिति र समय २४ घण्टा अगाडि लिखित रुपमा जानकारी गराउन भनिएको छ । त्यसैगरी सूचनामा कुनै एक अर्को दलको कार्यक्रम नजुध्ने गरी कार्यक्रम गर्न, व्यापार व्यवसाय र यातायात व्यवस्थापनमा प्रभाव नपर्ने गरी कार्यक्रम गर्न भनिएको छ ।

नवलपुरका सहायक प्रमुख जिल्ला चिरिञ्जीवि रानाद्वारा जारी सूचनामा निर्वाचन सुरक्षा प्रबन्धलाई व्यवस्थित बनाउन सहयोग पुर्‍याई निर्वाचनलाई भय रहित, स्वच्छ र शान्तिपूर्वक रुपमा सम्पन्न गर्न गराउन आ-आफ्नो क्षेत्रबाट सहयोग, समन्वय तथा सहजीकरण गर्न पनि अनुरोध गरेको छ ।

२ वटा निर्वाचन क्षेत्र रहेको नवलपुरमा निर्वाचन प्रचारप्रसारका लागि सोमबारबाट खुल्ला भएसँगै साना ठूला सबै दलहरुले चुनावी प्रचारप्रसारलाई तिव्र बनाएको छ ।


## तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुन्जलापुर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**तिलोत्तमा नगरपालिकाको विभिन्न सडक खण्डको मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गरि सडक स्तरोन्नति/सुन्दरिकरण र पर्यटन प्रवर्धन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

### सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/११/०४)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना नामः | तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः कुन्जलापुर, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलः tilottamamun@gmail.com<br>वेबसाईटः https://tilottamamun.gov.np/<br>फोन नंाः ९७७ ७१-५६२९७९ |
| प्रस्तावको व्यहोरा | तिलोत्तमा नगरपालिकाको विभिन्न सडक खण्डको मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गरि सडक स्तरोन्नति / सुन्दरिकरण कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न तिलोत्तमा नगरपालिका, रुपन्देही सम्पूर्ण वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री तिलोत्तमा नगरपालिका, कुन्जलापुर, रुपन्देही, लुम्बिनी प्रदेश tilottamamun@gmail.com, फोन नं. +९७७ ७१-५६२९७९ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनियरिंग कन्सलटेन्ट एण्ड बिल्डर्स, तिलोत्तमा-०५ फोन नं. ९८६७१८९०५१ |


**राम्रो...**

यहाँ औद्योगिक क्षेत्र बनाउन नदिने भनेर देशभित्र देश बाहिरका अनेक शक्ति लागेका छन् । अरू कामहरूमा पनि त्यस्तै । कुनै पनि कामलाई मजाक उडाउने । गम्भीर कुराहरू गर्दा उखान टुक्का भन्यो भन्ने । गम्भीर कुरा भन्या हुन्छ, उखान टुका भन्छ,' उनले भने-'मैले विभिन्न शास्त्रका इतिहासका कुरा गरेको हुन्छ । उनीहरूले उखान टुका भन्छ । त्यो दुई दिन जागरण गएको हो कि बंगाएका हुन्, त्यो उनीहरू जानुन् । त्यसो भएर हामीले काम गर्न छोड्नु भएन । यसलाई पनि अगाडि बढाइन्छ ।'

संसारभरिका सबै शहरमा सभागृह, सामुदायिक भवन, रंगशालाहरू हुने भन्दै उनले आफूले रंगशाला बनाउन खोज्दा पनि विरोध भएको बताए । ओलीले दमकमा बनेको टावरलाई नबुझ्नेहरूले विरोध गरेको बताएका छन् ।

झापा-५ मा चुनावी घरदैलोको क्रममा सोमबार ओलीले यस्तो बताएका हुन् । झापा-५ का उम्मेदवार समेत रहेका ओलीले दमकमा बनेको टावर भ्यूटावर नभएर एउटा बिजनेस कम्प्लेक्स भएको बताए । उक्त बिजनेस कम्प्लेक्सलाई नयाँ खालको आइटी हबको रूपमा विकास गर्ने सोंचअनुसार अगाडि बढाएको उनले बताए । तर नबुझ्ने मान्छेहरूले यो किन चाहियो भनेर विरोध गर्ने गरेको उनको भनाइ छ ।

उनले भने-'भ्यूटावर भन्छन् । यो वास्तवमा भ्यूटावर नै होइन । यो एउटा बिजनेस कम्प्लेक्स हो । नयाँ खालको आइटी हबको रूपमा यसलाई विकास गर्ने सोंचअनुसार अगाडि बढाएका हौं । त्यो कुरा चाहिँ नबुझ्ने मान्छेहरूले किन चाहियो भन्छन् । यो एकजना परिवार वा म गएर बसोबास गर्न बनाएको त होइन नि । यो ठाउँको विकास गर्नलाई बनाएको हो ।'

उनले अगाडि भने-'भविष्यमा दमक चिनिने भनेको यही टावरको कारण हो । यो दमकको पहिचान हो, दमकको विकासको एउटा झन्डा हो ।'

**रुपन्देही...**

'आजका मितिदेखि जनता समाजवादी पार्टी (जसपा), नेपालको साधारण सदस्यसहित सम्पूर्ण जिम्मेवारी परित्याग गर्दै मेरो उम्मेदवारीसमेत फिर्ता लिँदै नेकपा (एमाले) मा समाहित भएको घोषणा गर्दछु ।'- विज्ञप्तिमा उल्लेख छ ।

यादवले आफूलाई विश्वास गर्ने मतदातालाई एमालेको चुनाव चिन्हमा मतदान गर्न आह्वान गरेका छन् । रूपन्देही-३ मा एमालेबाट बासुदेव घिमिरे उम्मेदवार छन् ।

एमाले प्रवेश गरेका उनलाई नेकपा (एमाले)रूपन्देहीका अध्यक्ष यज्ञ गैरे, नेताहरू भुमिश्वर ढकाल, गोमादेवी आचार्य, भरत पोखेल, राजेन्द्र पन्थी, प्रमोद यादव, हरिप्रसाद अधिकारी, उमा काफ्ले, अनुप बरालगायतले पार्टीमा स्वागत गरेका थिए ।

**देश...**

उनले भने-'यहाँ आएर म र मेरो परिवारले निगुरोका मुन्टा चिमोटेर र ठुटामा पलाएको च्याउ टिपेर छाक टारेको छ ।'

उनले झापा ३ का विभिन्न क्षेत्रको बाटो बनाउन, स्कुल बनाउन, खानेपानीको ट्याङ्की ठड्याउने विषयमा आफ्नो सहभागिता रहेको दाबी गरे ।

उनले यस क्षेत्रका दिदी-बहिनी, दाजुभाइका सुख दुःखमा सहभागी भएको दाबी गरे । उनले भने-'यस पटक फेरि म तपाईंहरूको हात माग्न आएको छु । तपाईंहरूको मद्दत र आर्शीवाद माग्न आएको छु ।' उनले पार्टीभन्दा माथि उठेर मत दिन आग्रह समेत गरे ।

उनले कुनै बेला विद्यार्थी हुँदा कसैले ढुङ्गा हान्दा आफूले पनि ढुङ्गा हानेको बताए । कसैले दुई लात्ती हान्दा आफूले पनि हानेको स्वीकार गर्दै उनले भने-'मैले त्यो बेला जवाफ फर्काए हुँला, तर राजनीतिक आडमा कसैलाई दुःख दिने नियत राखेको छैन ।'

**लुम्बिनी...**

त्यस्तै कानुनसचिवका अनुसार उपलब्ध कागजातहरू अध्ययन गर्दा तत्कालीन अवस्थामा शक्ति र पदको आडमा विनियमावलीलाई कृत्रिम रूपमा संशोधन गरी सचिवसरह पद खडा गरी नियुक्ति गरिएको देखिएकाले यसलाई सच्याउनुपर्ने आवश्यकता रहेको बताएका छन् ।

गैरकानुनी रूपमा नियुक्ति गर्ने परम्परालाई संस्थागत गर्दै तत्कालीन विभागीय मन्त्री सुदन किराँतीले पनि आफ्नो कार्यकालमा सोही पदमा नयाँ नियुक्ति गरेका थिए । उनले गोर्खाकी इञ्जिनियर स्मिता भट्टलाई पाँच वर्षको लागि नियुक्त गरेका थिए । हालसम्म योजना प्रमुखको रूपमा कार्यरत भट्ट पद सिर्जनाको प्रारम्भिक चरणबाटै त्रुटि रहेको कारण नियुक्ति गैरकानुनी रहेको कोषकै पदाधिकारीको दाबी छ ।

कानुनविद्हरूका अनुसार सम्बन्धित निकायले पद सिर्जनाको वैधता स्पष्ट पार्दै विनियमावली संशोधन प्रक्रिया छानबिन गर्नुपर्ने बताएका छन् । लुम्बिनी क्षेत्रका स्थानीय अगुवाहरूको संस्थाहरू लुम्बिनी रेपोन्स टिम र लुम्बिनी बचाउ अभियानले पनि पटक पटक विभिन्न विरोध र विज्ञप्ति जारी गर्दै योजना प्रमुख पद खारेज गर्न र विवादित छबि भएका योजना प्रमुखलाई छानबिन गरी तत्काल कारबाही गर्न माग गर्दै आएका छन् । विनियमावलीविपरीत गैरकानुनी रूपमा सिर्जना गरिएको पद कायमनै रहँदा अयोग्य र विवादित व्यक्तिहरू पटक पटक योजना प्रमुखको रूपमा दोहोरिँदै आएको कारणले लुम्बिनी विकास कोषको संस्थागत विश्वसनीयता र कार्यक्षमता माथि गम्भीर प्रश्न उठेको अध्यक्ष जसमेद खानले बताए ।

लुम्बिनी विकास कोषका सदस्य सचिव दिपक श्रेष्ठले योजना प्रमुख भट्टको कार्यशैली विवादित र अराजक भएको बताए ।

'योजना प्रमुख नियमित कार्यालय हाजिर नहुने र कार्यलयमा रहँदा पनि विभिन्न विवाद उठाएर काम गर्ने वातावरण बिगारेको अवस्था छ,' श्रेष्ठले भने-'लामो समयदेखि कोषको योजना प्रमुखको नियुक्ति र कार्यशैलीको कारण कोषका काम कारबाहीहरू प्रभावित हुने गरेका छन् ।'

योजना प्रमुख भट्टले भने सरकारले गरेको नियुक्तिलाई अवैध र विवादित भन्न नमिल्ने तर्क गरेकी छन् ।


# Rohini Rural Municipality

## Office of the Rural Municipal Executive

**Dhakdhai, Rupandehi**

**Lumbini Province, Nepal**

## Invitation for Electronic Bids

Date of First Publication: Feb 17th, 2026 (Falgun 5th, 2082)

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality or may visit the Office at Dhakdhai, Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Description of Project Works | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 10/NCB/ Works/RRM/ 2082-83 | Construction of Asphalt Road Works and PCC Road Works in Different Wards of Rohini Rural Municipality. | 1. Chotki Khurhuriya Dekhi Pokharbhindi Jane Sadak Kalopatre<br>2. Badki Khurhuriya Dekhi Bairihawa Mainihawa Jane Sadak Kalopatre<br>3. Mainihawa Jogi Kharbind Ko Ghar Dekhi Paschim Tarfa Bhogi Kharbindko Ghar Samma Sadak PCC,Ward-2<br>4. Wada No.3 Kadmahawa Khane Pani Jane Bato PCC Dhalan<br>5. Pakadihawa Wada No.4 Shiva Kumar Ko Ghar Jane Bato | 53,58,577.34 | 1,34,000 | 3,000.00 |
| 2 | 11/NCB/ Works/RRM/ 2082-83 | Janchetna Adharbhut Vidhalaya ma Char Kothe Bhawan Nirman | Janchetna Adharbhut Vidhalaya ma Char Kothe Bhawan Nirman | 68,20,501.57 | 1,71,000 | 3,000.00 |

**Additional Information required for the Submission of Bid Document**

| Account No. for Bid Security Amount | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period required for all the Projects |
|---|---|---|---|---|
| NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | March 18th ,2026 (Chaitra 4th,2082) At 12:00 pm | March 18th ,2026 (Chaitra 4th,2082) At 15:00 pm | 120 Days |

- Bidders are advised to read the corresponding Bid Document carefully before the submission of bid.

**Chief Administrative Officer**



**वालिङ वचत तथा ऋण सहकारी संस्था लि.को**

### जग्गा (घडेरी) बिक्री सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हान ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/११/०५

यस संस्थाको नाममा दर्ता रहेको तपशिलमा उल्लेखित जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलवन्दी बोलपत्रबाट बिक्री गरिने भएकाले न्यूनतम एकमुष्ट रकम रु. १,९२,४५०००।- (अक्षेरेपि एक करोड वयानब्बे लाख पैतालिस हजार मात्र ) नघट्ने गरी खरिद गर्न इन्छुक शेयर सदस्य/अन्य व्यक्ति/फर्म/संघ/ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन (उक्त दिन सार्वजनिक विदा परेमा तत् पश्चात लगतै कार्यालय खुलेको दिन ) भित्र तपशिलमा उल्लेखित जग्गा (घडेरी) खरिद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी वोलपत्र दाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सर्म्पक विवरण र फर्म/ कम्पनी /संस्था भएमा दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा संस्थागत प्रतिनिधित्वका लागि सञ्चालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजातहरु सहित संस्थाको कार्यालयमा एकमुष्ट रकमको गोप्य शिलवन्दी वोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ । बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाररमा उल्लेख गरिए वमोजिम हुनेछ ।

**तपशिल**

**जग्गाधनीको नाम : वालिङ बचत तथा ऋण सहकारी संस्था लि.**

**बिक्री गरिने जग्गाको बिवरण –**

**गण्डकी प्रदेश, स्याङजा जिल्ला, वालिङ नगरपालिका वडा नं ८ स्थित–**

| कित्ता नं | जग्गाको क्षेत्रफल |
|---|---|
| ३५४९ | ०-४-०-० |
| ३५४७ | ०-४-०-० |
| ३५४८ | ०-३-०-० |
| २२२५ | ०-५-२-० |
| | जम्मा क्षेत्रफल १-०-२-० |

**शर्तहरु**

१) निवेदन कार्यालयले तोकेको समय २०८२/१२/०९ गते ५ वजे सम्म आउनु पर्ने छ ।
२) आवेदकहरुमध्येबाट बोलकवोलमा सवैभन्दा वढी रकम वोलकवोल गर्ने व्यक्तिले मात्र पाउने छ ।
३) वोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ ।
४) म्याद नाघी वा रीत नपुगी दर्ता भएको वोलपत्र उपर केही कारवाही हुनेछैन ।
५) बोलपत्र रकम बरावर हुन आएमा संस्थाका शेयर सदस्यलाई प्राथमिकता दिइनेछ
६) आफूले कवोल गरेको रकमको १० प्रतिशत रकम धरौटी वापत गरिमा विकास बैकको वालिङ बचत तथा ऋण सहकारी संस्थाको खाता नं ००१००१०००००२१७००००००२ मा जम्मा गरेको भौचर गोप्य शिलवन्दीको साथमा राख्नुपर्नेछ ।

**वालिङ वचत तथा ऋण सहकारी संस्था लि.**

**वालिङ, स्याङजा**



## CHHATRADEV RURAL MUNICIPALITY

**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**

**CHHATRAGUNJ, ARGHAKHANCHI**

### Invitation For Sealed Quotations

Date of Publication: 2082/11/05 (17th February, 2026)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))
Last Date of Bid Purchase and Submission: 08th March, 2026 (2082/11/24) 12:00 Hrs.

| S N | Name of Project/Contract No. | Estimated Amount Excluding VAT (NRP) | Bid Security Amount (NPR) | Bid Validity/ Bid Security Validity (days) |
|---|---|---|---|---|
| 1 | Construction of Wall at Dundruk Health Post Chhatradev-03 CRM/ARG/SQ/W/18/082/83 | 8,65,439.06 | 28,000/- | 45/75 days |
| 2 | Ward No 5 ka Bivinna Yojana Haru (7 Nos) CRM/ARG/SQ/W/19/082/83 | 11,72,497.81 | 38,000/- | 45/75 days |
| 3 | Ward No 7 ka Bivinna Yojana (4 Nos) CRM/ARG/SQ/W/20/082/83 | 21,000/- | 21,000/- | 45/75 days |
| 4 | Suryathum Main Road To Campus Gate RCC Works CRM/ARG/SQ/W/21/082/83 | 3,44,442,80 | 11,000/- | 45/75 days |

# जसपाको चुनावी प्रतिबद्धतामा के–के समेटिए ?

**प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र मुलुकको विविधता सुहाउँदो पूर्ण समानुपातिक संसद, स्थानीय तह गैरराजनीतिक विकासको एकाइ र प्रदेशहरूको मुख्यमन्त्रीसमेत प्रत्यक्ष निर्वाचित हुनुपर्ने पार्टीको धारणा छ।**




**लुम्बिनी संवाददाता**

*बुटवल*

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनता समाजवादी पार्टीले आफ्नो चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ । आइतबार ललितपुरको ग्वार्कोस्थित पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा पार्टीको प्रतिबद्धतापत्र सार्वजनिक भएको हो ।

पार्टीका अध्यक्ष अशोककुमार राई, केन्द्रीय कार्यकारिणी समिति सदस्य मनिकर कार्की, रमेश राई, राधा तिमिल्सिना, दिपेन्द्र नेम्वाङ, अर्जुन लम्साल, दीपक कुँवर, योगराज लिम्बुलगायतका नेताहरूले ३२ पृष्ठको चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेका हुन् ।

पार्टीको प्रतिबद्धतापत्र सार्वजनिक कार्यक्रममा बोल्दै अध्यक्ष अशोक राईले पार्टीको प्रतिबद्धतापत्र केवल चुनावी प्रतिबद्धतामात्र नभई पार्टीले बोकेको राजनीतिक विचार, दृष्टिकोण र राजनीतिक कार्यदिशासमेत भएको हुँदा यसले मुलुकको अग्रगामी रूपान्तरणको मार्गचित्र प्रष्ट्याउने बताए । पार्टीले सुरुआतदेखि नै वकालत गर्दै आएको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली केवल शासकीय स्वरूपको मात्रै कुरा नभई यो राजनीतिक स्थायित्व र प्रत्यक्ष लोकतन्त्रको आधार भएकाले बहुमत र अल्पमतको राजनीतिक गोलचक्करबाट मुक्त हुनुपर्ने बताए ।

प्रतिबद्धतापत्र सार्वजनिक गर्ने क्रममा बोल्दै पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवम् पार्टीको चुनावी घोषणापत्र लेखन समितिका संयोजक मनिकर कार्कीले वर्तमानमा बरालिएको नेपाली समाज र राजनीतिलाई दिशाबोध गर्दै जनताको विकास, समृद्धि, उन्नति र प्रगतिको चाहना पूरा गर्न समाजवादी चरित्रको राजनीतिक ध्येय निर्धारण गरी त्यसलाई प्राप्त गर्ने स्पष्ट नीति कार्यक्रम र योजनालाई प्रतिबद्धतापत्रमा समावेश गरिएको बताए ।

उनले चुनावी प्रतिबद्धतामा नेपाली समाज अनुरूपको समाजवादी राज्यव्यवस्था सुहाउँदो राजनीतिक लक्ष्य निर्धारण गरी त्यसलाई प्राप्त गर्नका लागि गरिनुपर्ने राजनीतिक सुधार, आर्थिक एवम् नीतिगत सुधार, सामाजिक सुधार र प्रशासनिक सुधारमा केन्द्रित भएर प्रतिबद्धतापत्र लेखिएको उल्लेख गरे ।

राष्ट्रिय अग्रगामी गठबन्धनमार्फत् नागरिक उन्मुक्ति पार्टी, नेपाल र राष्ट्रिय मुक्ति पार्टी,नेपालबिच चुनावी मोर्चा निर्माण गरी एकल चुनाव चिन्ह जाँतो लिई चुनावी प्रतिस्पर्धामा उत्रिएको जसपाले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र मुलुकको विविधता सुहाउँदो पूर्ण समानुपातिक संसदको मुद्दालाई जोडदार रूपले उठाएको छ ।

पार्टीले प्रतिबद्धतापत्रमा प्रदेशहरूको मुख्यमन्त्रीसमेत प्रत्यक्ष निर्वाचित हुनुपर्ने धारणा सार्वजनिक गरेको छ । त्यसैगरी संविधान संशोधन गरी पहिचानका आधारमा स्वायत्त प्रदेश निर्माण गर्नुपर्ने कुरालाई उठान गर्दै राज्यको सबै निकायमा समानुपातिक समावेशिता हुनुपर्ने, संघीय संसदको संख्या घटाउनुपर्ने, राज्यका सबै तह र अंगहरूमा हुने अनियमितता र भ्रष्टाचारको छानबिनको अधिकार हुने शक्तिशाली जनलोकपाल (पब्लिक एम्बुजमेन) गठन गर्नेलगायतका मुद्दाहरू उठान गरेको छ ।

प्रतिबद्धतापत्रका प्रमुख विषयहरूमा राष्ट्रपतिले विज्ञहरूबाट सानो आकारको (१७ देखि १९ सदस्य) समावेशी मन्त्रीमण्डल गठन गर्ने, स्थानीय तहलाई गैरराजनीतिक विकासको एकाइ बनाउने,संयुक्त राष्ट्रसंघको बडापत्र, आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र २००७, अन्तर्राष्ट्रिय अनुबन्धहरू, र आइएलओ महासन्धि १६९ कार्यान्वयन गर्ने, आदिवासी जनजातिहरूलाई विभिन्न प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्रमा संयुक्त राष्ट्रसंघको घोषणापत्रअनुसार आत्मनिर्णयको अधिकार दिने, ठुलाठुला परियोजनाहरू सञ्चालन गर्दा आदिवासी जनजातिको पूर्व सुसुचित मन्जुरीको हक हुने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

अल्पसंख्यक, सिमान्तकृत तथा लोपोन्मुख समुदायको राष्ट्रिय पहिचानको आधारमा संरक्षणको विशेष अधिकार हुने, मुलुकमा व्याप्त भ्रष्टाचार र आर्थिक अनियमितता रोक्न अधिकारसम्पन्न जनलोकपाल गठन गर्ने, निजामति सेवा ऐन तुरून्त पारित गर्ने,सचिवहरूको हाल रहेको संख्या (करिब ६५ जना छन्) बाट घटाएर बढीमा ४५ जना बनाउने, संवैधानिक अंगहरूका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्ने, समाजवादी अर्थ-राजनीतिक कार्यदिशा र सामाजिक बजार अर्थतन्त्रको नीति अवलम्बन गर्ने, नेपालको समाजवादमा राजकीय/सार्वजनिक, सहकारी/समुदायिक, र निजी स्वरूप भएको मिश्रित स्वामित्व प्रणाली हुनेप्रतिवद्धतापत्रमा उल्लेख छ ।

सामाजिक र आर्थिक न्यायको सिद्धान्त अनुरूप राज्य लोककल्याणकारी हुने, अर्थतन्त्रको सञ्चालन र विकासमा निजी क्षेत्र, राज्य क्षेत्र, सहकारी क्षेत्र, र समुदायको भूमिकाको सन्तुलन कायम गर्ने, छिमेकी भारत र चीनको अर्थतन्त्रको मुल्य श्रङ्खलासँग जोडिएर नेपालले अधिकतम लाभ लिने नीति अनुशरण गर्ने, प्राकृतिक र आर्थिक स्रोतको बाँडफाँटमा संघलाईभन्दा प्रदेश र स्थानीय तहलाई बढी हिस्सा दिने, खेतीयोग्य जमिनको उपभोग गर्ने र देशभित्र रोजगारी सिर्जना गर्न स्वदेशी तथा विदेशी पुँजी, प्रविधि र लगानीमैत्री वातावरण बनाउने,५ वर्षभित्रमा ऊर्जा शक्तिमा आत्मनिर्भर हुने र ५ वर्षमा आर्थिक वृद्धिदर बढाउँदै २ अंकको लक्ष्य हासिल गर्नेप्रतिबद्धतापत्रमा उल्लेख छ ।

यस्तै प्रतिव्यक्ति आय ५ हजार डलर पुर्‍याउने, कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकीकरणमा जोड दिने, निर्वाहमुखी कृषि पम्परालाई औद्योगिक अर्थतन्त्रमा प्रवर्द्धन गर्ने। गाँजा खेतीलाई कानुनी मान्यता दिने, आदिवासी जनजातिहरूको सीप, कला र ज्ञानको प्रयोग गरी उत्पादित वस्तुहरूको अन्तर्राष्ट्रिय ब्रान्डिङ गर्ने र 'मेड इन नेपाल बाइ इन्डिजिनियस ह्यान्ड' यस्तै नारा लेख्ने, आदिवासीहरूको ऐतिहासिक सांस्कृतिक पहिचान वा प्रथाजनित कुननको जगमा प्रचलित पेय पदार्थहरूलाई ब्रान्डिङ गर्ने, धरान-तुम्लिङटार-साल्पा हुँदै नाम्चे जाने तेन्जिङ शेर्पा हिलारी ट्रेकिङलाई विकास गर्ने र हिमाली क्षेत्रमा नयाँ ट्रेकिङहरूको खोजी गर्ने, त्रिवेणी- चखेवा-साल्पा -गुँदेल- महाकुलुङ -लुक्ला- नाम्चे मुन्दुम पद यात्रालाई विकास गर्ने, याक्थुङ लिम्बुहरूको मुन्धुम अनुसार पवित्र स्थल फक्ताङलुङलाई पवित्र हिमाल घोषणा गर्ने, किरात समुदाय तथा मुन्दुम सभ्यताको विकासका लागि किरात विश्वविद्यालय खोल्ने, प्रदेशको आर्थिक सामर्थ्य वृद्धिका साथै प्रादेशिक अर्थतन्त्रको आधारशिला तयार गरी संघले प्रदेशलाई प्रादेशिक स्रोत साधनहरू हस्तान्तरण गर्नेप्राकृतिक स्रोसाधनको साझा प्रयोगका लागि प्रदेशहरूको प्रतिनिधित्व भएको अन्तर प्रादेशिक विकास परिषद् गठन गर्नेप्रतिबद्धतापत्रमा उल्लेख छ ।

संघले संकलन गर्ने राजस्वको कम्तीमा ५० प्रतिशत हिस्सा निश्चित मापदण्डका आधारमा प्रदेशहरूलाई उपलब्ध गराउने व्यवस्था गर्ने, प्रदेशमा सार्वजनिक निजी साझेदारीमा एउटा प्रदेश बैंकको स्थापना गर्ने तथा शिक्षा, स्वास्थ्यसेवा क्षेत्रको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारको हुने व्यवस्था गर्ने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

# क्रस बोर्डर जर्नालिजम एकेडेमी माग

भैरहवा । नेपाल भारत सीमावर्ती क्षेत्रमा नेपाल - भारतका पत्रकारहरूको क्षमता अभिवृद्धि गर्नेगरी क्रस बोडर जर्नालिजम एकेडेमी स्थापना गर्न माग गरिएको छ ।

लुम्बिनी प्रेस क्लबको टोली ले भारत सरकारका केन्द्रीय वित्त राज्यमन्त्री पंकज चौधरीलाई महराजगञ्जमा भेटघाट गरी नेपाल-भारत सीमाक्षेत्रको पत्रकारिताको विकासकोलागि क्रस बोडर जर्नालिजम एकाडेमि आव श्यक रहेको भन्दै उक्त अनुरोध गरेको हो ।

मन्त्री चौधरिसँगको भेटमा लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले भने-'दुईदेशिय पत्रकारिता र बुद्ध सर्किटको विकासकोलागि भारतिय केन्द्रीय सरकारको सहयोग जरूरी ठानेर अनुरोध गरेका हौं ।'

प्रेस क्लबले हस्तान्तरण गरेको सुझाव पत्रमा भैरहवामा रहेको विशेष आर्थिक क्षेत्र सेजमा भारतीय लगानीमा उद्योग स्थापना तथा सञ्चालनका लागि सहजीकरण गर्न आइसीपीलाई पूर्णरूपमा सञ्चालनमा ल्याई रेल सेवा विस्तार गर्न तथा सीमापार पर्यटन प्रवर्द्धनका लागि विशेष योजना ल्याउन आग्रह गरिएको छ ।

त्यसैगरी लुम्बिनी, बोधगया, सारनाथ र कुशिनगरलाई समेटेर बौद्ध सर्किटको समग्र विकास गर्न विशेष पहल गर्नुपर्नेमा जोड दिइएको छ ।

भेटका क्रममा राज्यमन्त्रीले लुम्बिनी प्रेस क्लबले गरेको आग्रहलाई दिल्ली पुगेर छलफलसहित अगाडि बढाउने बताएका छन् ।

लुम्बिनी प्रेस क्लबको तर्फबाट पूर्व अध्यक्ष नरेश केसी, अध्यक्ष कमल रायमाझीलगायतको सहभागिता रहेको थियो ।

# एमाले नवलपरासी २ को प्रतिबद्धता घोषणा




परासी । नेकपा एमाले पार्टीका नवलपरासी निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार लेखनाथ खरेलले आफ्ना चुनावी प्रतिबद्धता घोषाण गरेका छन् । निर्वान क्षेत्र नं. २का क्षेत्र चुनाव प्रचारप्रसार सम्पर्क कार्यालय तथा पत्रकार सम्मलेनको आयोजन गरी खरेलले आफ्ना चुनावी प्रतिबद्धता घोषाण गरेका हुन् ।

उनले २५ बूँदे चुनावी प्रतिबद्धता घोषाण गदै रामग्राम, सुनवल पाल्हीनन्दनमा एक एक वडामा सिटी हल निमार्ण, 'एक निर्वाचन क्षेत्र, एक खाद्य भण्डार' नीति अवलम्बन गरी कृषि उत्पादनको बजार र उपभोक्ताको सहज आपूर्तिको व्यवस्था गरिने, कृषि उत्पादनमा वृद्धि तथा आपूर्तिमा सुधार गर्दै कृषि क्षेत्रको व्यवसायीकरण, साना, मझौला तथा ठूला उद्योग र सहकारीका माध्यमबाट स्थानीय रोजगारीमा वृद्धि गर्ने युवालाई रोजगारी, उद्यमशीलतामूलक स्वरोगारीका लागि सीप, पुँजी र व्यवसायिक तालिम दिई सुरुवाती व्यवसाय गर्न बिउपुँजी सहुलियतपूर्ण व्याजदरमा उपलब्ध हुने व्यवस्था, रामग्राम, पण्डितपुर, जावा, कोलवृक्ष, कररपत्त नगर, पाल्हीमा रहेको नन्दन ताल, देवदह ताल, तरगौलीलगायत बुद्धसँग जोडिएका र पर्यटकीय सम्भावना बोकेका स्थानको प्रवर्द्धन, सम्बर्द्धन र निरन्तर आवश्यक पूर्वाधार विकास गर्ने प्रमख प्रतिबद्धता रहेको बताए ।

यस्तै अवस्थित बासोबासी र भूमिहीनलाई पूर्जा वितरण गरिबी विपन्नलाई आवासको व्यवस्था मिलाउने, भ्रष्टचारमा शून्य सहनशिलता कायम गरी सुशासन अवधारणलाई पूर्ण पालन गर्ने गरी कार्यान्वयन गर्ने र दलित विपन्न वर्ग, अहसाय, पछाडि परेका समुदायलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने, जिल्लाकै मुल भन्सार नाकाको रूपमा रहेको महेशपुर भन्सारलाई पूर्ण क्षमतामा सञ्चालन गर्नको लागि पूर्वाधार विकास, स्रोतको सुनिश्चितता र महेशपुर -परासी-सुनवलको बाटो चारलेनमा विस्तारको क्रममा रहेको र सो बाटोलाई सुनवल हुँदै पाल्पासहितका पहाडी जिल्लाहरूसँग जोड्ने व्यापारिक मार्गहरूलाई महत्वका साथ निर्माण खरेलले प्रतिबद्धतापत्र उल्लेख गरेका छन् ।

तुरिया, पानभार, सोमनाथ-झरही, भलुही, भुमहीलगायतका ठूला र अन्य साना घोला खोलाको किनार क्षेत्रको तटवन्धनमार्फत् सम्बन्धित तटीय क्षेत्रको वर्षेनी हुने डुवान रोक्ने व्यवस्था मिलाइने छ । सुनवलस्थित लुम्बिनी चिनी मिललाई उपयुक्त स्थानमा स्थानान्तरण गरी सो स्थानमा मेडिकल कलेज, अस्पताल, वा विश्वविद्यालय सञ्चालन गर्न पहल गरिनेछ पर्यटन क्षेत्रमा अघि बढ्दै भगवान गौतमबुद्धको एकमात्र अस्तुधातु रहेको स्थान रामग्राम स्तूपलाई लुम्बिनीको विकाससँगै जोडेर अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रिविन्दु बनाउनको लागि पहल गर्ने खरेलले बताए ।

कार्यक्रममा एमाले पूर्व पोलिटव्युरो सदस्य बैजनाथ चौधरीले एमाले सरकार हुँदा नवलपरासी जिल्लामा एमालेले धेरै विकास गरेको बताए । उनले लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार मन्त्री हुँदा नवलपरासीमा अस्पताल, पुल सडक निर्माणमा र शिक्षामा धेरै विकास गरेको जनाए ।

# जंगली रातो बाँदर कृषि हानिकारक वन्यजन्तु घोषणा



बुटवल । बाँदरलाई सरकारले 'कृषि हानिकारक वन्यजन्तु' घोषणा गरेको छ ।

वन तथा वातावरण मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै जंगली रातो बाँदरलाई एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको हो ।

अब किसानले एक्लै वा सामूहिक रूपमा आफ्नो निजी खेत, खला वा बारीमा आएर बालीनाली हानी र नोक्सान गर्ने बाँदरलाई धपाउन, लखेट्न वा पक्रन पाउने भएका छन् । यदि बाँदर पक्रिएको खण्डमा त्यसलाई नजिकैको राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, डिभिजन वन कार्यालय वा सम्बन्धित मातहतका कार्यालयमा बुझाउनु पर्नेछ। यसरी बाँदर बुझाएको जानकारी सम्बन्धित वडा कार्यालयलाई पनि दिनुपर्ने व्यवस्था गरिएको छ ।

धपाउने वा पक्रने क्रममा बाँदर मरे किसानले कानुनी सजाय भोग्नु पर्ने छैन। वडाको एकजना प्रतिनिधि र कम्तीमा पाँचजना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का उठाएर गाड्नु पर्नेछ । यसरी बाँदर मारिएको जानकारी सम्बन्धित वन कार्यालय र वडा कार्यालयलाई तुरून्त दिनु पर्नेछ ।

सम्बन्धित कार्यालयले पनि मारिएका बाँदरको विवरण प्रत्येक दुई महिनामा मन्त्रालय र विभागमा पठाउनु पर्ने व्यवस्था गरिएको छ । यो नियम राष्ट्रिय निकुञ्ज, आरक्ष वा राष्ट्रिय वन क्षेत्र भित्र भने लागू हुने छैन । संरक्षित क्षेत्रमा बाँदर धपाउन वा पक्रन पाइने छैन ।

# आजदेखि साई ग्लोबल अन्तरकलेज क्रिकेट प्रतियोगिता




भैरहवा । भैरहवामा आजदेखि जिल्लास्तरीय अन्तरकलेज साई ग्लोबल टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनमा प्रतियोगिता हुन लागेको हो । आयोजकले सोमबार भैरहवामा पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिएका हुन् ।

संघका अध्यक्ष हरिबहादुर थापाले जिल्लास्तरमा खेलाडी उत्पादनमा टेवा पुर्‍याउने उद्देश्यले विगत लामो समयदेखि साई ग्लोबल कलेजसँग सहकार्य गरेर संघले प्रतियोगिता सचालन गर्दै आएको जानकारी दिए । फागुन ५ देखि १४ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न २० वटा कलेजहरुको सहभागिता छ । संघले क्रिकेटको विकास र खेलाडी उत्पादनमा ध्यान दिँदै हरेक वर्ष तालिका अनुसार प्रतियोगिता गराउँदै आएको अध्यक्ष थापाले बताए ।

मुख्य प्रायोजक साई ग्लोबल कलेजमा प्राचार्य दिनेशमान अमात्यले कलेज आफैँले प्रतियोगिता आयोजना गर्दा सबै टिम सहभागी नहुने, खर्च बढी हुने र सबै पक्ष सन्तुष्ट नहुने वातावरण देखिएपछि क्रिकेट संघसँग सहकार्य गरिएको जनाए । उनले संघसँगको सहकार्यले राम्रो प्रतिक्रिया पाइरहेको बताए । सदाझै यसपटक पनि प्रतियोगिताले राम्रो सफलता पाउने अध्यक्ष अमात्यको विश्वास छ ।

क्रिकेट संघका कोषाध्यक्ष निरजप्रताप खाँणले खुल्ला आह्वान गरेर टीम दर्ता गरिएको जनाउँदै धेरै टिमको सहभागिताले प्रतियोगितालाई थप उत्कृष्ट बनाएको जनाए । उनका अनुसार प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उपविजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन् । यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन् ।

रुपन्देहीमा सञ्चालित निजी तथा सामुदायिक कलेजका टीम प्रतियोगितामा सहभागी छन् । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा प्रतियोगिता सञ्चालन हुनेछ । यो प्रतियोगिता विगत १० वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको छ । पछिल्लो चार सिजन भने क्रिकेट संघसँगको सहकार्यमा सञ्चालन हुँदै आएको छ ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com